# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, फागुन २२ गते २०६२ साल (संख्या ४६


## भाग ३

### श्री ५ को सरकार

### शिक्षा तथा खेलकूद मन्त्रालयको सूचना

**विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति (गठन) आदेश, २०६२**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति (गठन) आदेश, २०६२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "विद्यार्थी वित्तीय सहयोग" भन्नाले आर्थिक रुपले विपन्न, पिछडिएका, जेहेन्दार वा दलित विद्यार्थीलाई उच्च माध्यमिक शिक्षा वा तोकिए बमोजिमको उच्च शिक्षा हासिल गर्न कोषबाट प्रदान गरिने अनुदान, छात्रवृत्ति वा ऋण सम्झनु पर्छ ।

(छ) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ ।

(ज) "विद्यार्थी" भन्नाले कोषबाट तोकिए बमोजिम विद्यार्थी वित्तीय सहयोग प्राप्त गर्ने विद्यार्थी सम्झनु पर्छ ।

(झ) "आर्थिक रुपले विपन्न व्यक्ति" भन्नाले तोकिए बमोजिमको आर्थिक क्षमता भन्दा न्यून आर्थिक क्षमता भएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "छात्रवृत्ति" भन्नाले यस आदेश बमोजिम तोकिए बमोजिमको प्रक्रियाको आधारमा तोकिए बमोजिमको विद्यार्थीलाई कोषबाट प्रदान गरिने तोकिए बमोजिमको रकम सम्झनु पर्छ ।

(ट) "आयोग" भन्नाले विश्व विद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम स्थापित विश्व विद्यालय अनुदान आयोग सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठनः (१) कोषको रकमबाट आर्थिक रुपले विपन्न तथा पिछडिएका, जेहेन्दार, अपाङ्ग वा दुर्गम क्षेत्रका विद्यार्थीलाई उच्च माध्यमिक शिक्षा वा तोकिएको बमोजिमको उच्च शिक्षा हासिल गर्नका लागि सहयोग, ऋण वा अनुदान उपलब्ध गराई कोषको प्रभावकारी ढंगले सञ्चालन गरी आर्थिक रुपले विपन्न, पिछडिएका वा जेहेन्दार विद्यार्थीलाई उच्च माध्यमिक शिक्षा वा तोकिए बमोजिमको उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्नका लागि विद्यार्थी वित्तीय सहयोग कोष नामको एउटा समिति गठन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन्:–

(क) आयोगको अध्यक्ष — अध्यक्ष

(ख) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), शिक्षा तथा खेलकुद मन्त्रालय — सदस्य

(ग) प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी), अर्थ मन्त्रालय — सदस्य

(घ) विश्व विद्यालयका प्राध्यापकहरू मध्येबाट समितिले मनोनयन गरेको एकजना प्राध्यापक — सदस्य

(ङ) नेपाल राष्ट्र बैंकले तोकेको कुनै वाणिज्य बैंकको प्रथम श्रेणी सरहको अधिकृत — सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ — सदस्य

(छ) स्वतन्त्र विद्यार्थी यूनियनका सभापतिहरू मध्येबाट समितिले मनोनयन गरेको एकजना सभापति — सदस्य

(ज) महिला प्रतिनिधि, राष्ट्रिय महिला आयोग — सदस्य

(झ) कार्यकारी निर्देशक — सदस्य-सचिव

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा सम्बन्धित विषयको कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) कोषको सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) कोषको रकमबाट विद्यार्थीलाइ सहयोग, ऋण वा अनुदान उपलब्ध गराउने,

(ग) कोषबाट विद्यार्थीलाई सहयोग, ऋण वा अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक पर्ने प्रक्रिया, सहयोग, ऋण वा अनुदानको शर्त निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कोष सञ्चालन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना बनाई कार्यान्वयन गर्ने,

(ङ) कोषबाट विद्यार्थीलाई प्रदान गरिएको सहयोग, ऋण वा अनुदानको परीक्षण, अनुगमन तथा मूल्यांकन गरी कोषको भावी कार्यक्रम तर्जुमा गर्ने,

(च) समितिको वार्षिक बजेट तर्जुमा गरी स्वीकृत गर्ने,

(छ) समितिमा आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने,

(ज) समितिका कर्मचारीको व्यवस्थापन तथा प्रशासन गर्ने,

(झ) यस आदेशको अधीनमा रही कोषको प्रभावकारी सञ्चालन सम्बन्धी आवश्यक निर्देशिका बनाई लागू गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

५ समितिको बैठक निर्णयः १) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सामान्यतया कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) अध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालनको लागि उपदफा (२) का अधिनमा रही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२००

समितिले सिफारिश गरेका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

२) कार्यकारी निर्देशकको योग्यता देहायबमोजिम हुनेछः–

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी बैकिङ्ग क्षेत्रमा व्यवस्थापकीय पदमा रही कम्तीमा पाँच वर्ष सेवा गरेको वा

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा सह-प्राध्यापकको पदमा रही कम्तीमा पाँच वर्षको प्राध्यापन गरेको, वा

ग) श्री ५ को सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत पदमा रही कम्तीमा पाँच वर्ष काम गरिसकेको ।

३) उपदफा (१) बमोजिम समितिले सिफारिश गर्दा कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिश गर्नुपर्नेछ ।

४) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा वा समितिको हित विपरित कुनै काम गरेमा समितिले निजको पदावधि पूरा नहुँदै कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफू विरुद्ध लागेको आरोपको सम्बन्धमा सफाई पेश गर्न मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

८. कर्मचारी सम्बन्धमा व्यवस्थाः (१) समितिमा आवश्यक संख्यामा कर्मचारी रहने छन् ।

२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ जसलाई विद्यार्थी वित्तीय सहयोग कोष भनिनेछ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छन्:–

क) श्री ५ को सरकारबाट प्राप्त रकम,

ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुने रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

२) उपदफा (१) को खण्ड (ग) बमोजितको कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

३) उपदफा (१) बमोजिमको कोषको रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको खाताको सञ्चालन तोकिएको बमोजिम हुनेछ।

१०. सहयोग, ऋण वा अनुदान सम्बन्धी व्यवस्थाः (१) समितिले कोषको रकमबाट आर्थिक रुपले विपन्न विद्यार्थीलाई सहयोग, ऋण वा अनुदान उपलब्ध गराउन सक्नेछ।

२) उपदफा (१) बमोजिम सहयोग, ऋण वा अनुदान उपलब्ध गराउने सम्बन्धमा आर्थिक रुपले विपन्न, अपाङ्ग, पिछडिएका, जेहेन्दार, दलित वा दुर्गम क्षेत्रका विद्यार्थीको पहिचान गरी त्यस्ता विद्यार्थीलाई कोषबाट सहयोग, ऋण वा अनुदान उपलब्ध गराउन समिमिले सम्बन्धित क्षेत्रका विशेषज्ञहरू रहेको एक उपसमिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको उपसमितिको काम, कर्तव्य, पारिश्रमिक, सुविधा तथा त्यस्ता विद्यार्थीको पहिचान सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ/



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. समितिको लेखा र लेखा परीक्षण: (१) समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) समितिको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) श्री ५ को सरकारले समितिको आयव्ययको लेखा, सो सम्बन्धी कागजात र अन्य नगद वा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

(५) समितिले प्रत्येक वर्ष आफूले सम्पादन गरेको काम कारवाहीको विवरण सहित प्रत्येक वर्षको लेखा परीक्षण प्रतिवेदन श्री ५ सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१२. बैठक भत्ता: समितिका सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१३. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि दफा १० मा लेखिएको बाहेक आवश्यकता अनुसार अन्य उपसमिति गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार, कार्यविधि, सुबिधा तथा बैठकसम्बन्धी कार्यविधि समितिले उपसमिति गठन गर्दाका बखत तोकि दिए बमोजिम हुनेछ ।

१४. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा दफा १३ बमोजिमको उपसमिति, कार्यकारी निर्देशक वा समितिका कुनै अधिकृत स्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. निर्देशन दिन सक्ने: श्री ५ को सरकारले समितिको कामसंग सम्बन्धित विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०५

१६. समितिको कार्यालयः समितिको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपाल अधिराज्यको जुनसुकै ठाउँमा शाखा कार्यालय खोल्न सक्नेछ ।

१७ श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१८. नियम बनाउने अधिकारः (१) समितिले यस आदेशको उद्देश्य कार्यान्वयन गर्नको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत प्राप्त भएपछि लागू हुनेछन् ।

(२) यो आदेश र यस आदेश अन्तर्गत बनेको नियमको अधीनमा रही समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
राम सरोवर दुबे
श्री ५ को सरकारको निमित्त सचिव

## श्री ५ को सरकार
## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १० ले दिएको अधिकार प्रयोग गरी भारत लगायत विश्व पशु स्वास्थ्य संगठन (OIE) ले बर्डफ्लु रोग फैलिएको सूचना प्रकाशित गरेको मुलुकहरूबाट जीवित पंक्षी (कुखुरा, हाँस लगायतका अन्य चरा जाति), त्यसको मासु तथा अण्डा लगायत पंक्षीजन्य अप्रशोधित पदार्थहरू प्रशोधित वा अप्रशोधित पंक्षीजन्य उत्पादन सामाग्रीहरूसमेत नेपाल अधिराज्यभित्र पैठारी गर्न प्रतिबन्ध लगाएको छ ।

खण्ड ५५, संख्या ३३, मिति २०६२।८।२० गतेको राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
केशवप्रसाद अधिकारी
उप सचिव (कानून)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०४

# भाग ४

## श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकार (मन्त्रिपरिषद्) ले मिति २०६२।१०।१३ मा काठमाडौं उपत्यका र ठूला शहर एवं शहर उन्मुख क्षेत्रमा घर घडेरी एवं कम्पाउण्डका लागि आवश्यक जग्गाको निश्चित मापदण्ड तोक्ने, भूकम्प निरोधक प्रविधियुक्त घर निर्माण गर्ने तथा स्थानीय निकाय एवं निजी क्षेत्र र श्री ५ को सरकार समेतको सहभागितामा संयुक्त, सामूहिक र योजनाबद्ध आवासको विकास गर्ने, त्यस्तो संयुक्त, सामूहिक र योजनाबद्ध आवासको निर्माण गर्दा योजना अनुमति लिने प्रक्रिया र संयुक्त आवास भवन निर्माण सम्बन्धी मापदण्डका सम्बन्धमा देहायको निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**क. भौतिक योजना तथा आवास सम्बन्धी**

१. श्री ५ को सरकार वा निजी क्षेत्रबाट योजनाबद्ध आवास तथा जग्गा विकास कार्यक्रम कार्यान्वयन गर्दा काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्रमा निजी आवासीय प्रयोजनको लागि घडेरीको अधिकतम क्षेत्रफल २ रोपनी र उपत्यका बाहिरका पहाडी क्षेत्रका नगरपालिका क्षेत्रमा ४ रोपनी र तराईका नगरपालिका क्षेत्रमा १० कठ्ठा कायम गर्ने,

२. कम लागतको सुरक्षित भवन प्रविधि (Low Cost Technology) सरकारी तवरबाटै विकास गरी न्यून आय भएका परिवारलाई प्राथमिकता दिई सरल रुपमा उपलब्ध गराउने ,

३. सामूहिक हितको अवधारणा अनुरूप न्यून आय भएका परिवारहरुलाई आवास ऋण प्रदान गर्न वाणिज्य बैंकहरुले कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

४. शहरी वातावरण स्वच्छ राख्न सबै नगरपालिका एवं नगरोन्मुख गाउँ विकास समितिहरूले शहरी वातावरण निर्देशिका तयार गरी लागू गर्ने र सो कार्यका लागि शहरी विकास तथा भवन निर्माण विभागले प्राविधिक सहयोग उपलब्ध गराउने,

५. संयुक्त आवास (Apartment Housing ), सामूहिक आवास (Group Housing) र आवास योग्य घडेरीको विकास (Residential Plot Development) गर्न योजना अनुमति (planning permit) दिंदा सम्बन्धित निकायले भूउपयोग र पूर्वाधार क्षमताको आधारमा सरल र सुगम प्रक्रिया अपनाउने,

६. संयुक्त आवास, सामूहिक आवास र योजनाबद्ध आवासीय क्षेत्रमा आवासीय भवन निर्माण अनुमति दिंदा सहुलियत दरमा स्थानीय निकायले नक्सा पास गर्ने,

७. संयुक्त आवास, सामूहिक आवास तथा योजनाबद्ध आवासीय क्षेत्रसम्म भौतिक पूर्वाधार विकास गर्न सम्बन्धित निकायहरु (सडक, खानेपानी, दूरसञ्चार, विद्युत, स्थानीय निकाय आदि) ले प्राथमिकता दिने,

८. सबै नगरपालिका तथा 'क' वर्गका गाउँ विकास समितिहरूले शहरी क्षेत्रलाई कम्तीमा वस्ती विकास क्षेत्र र वस्ती विकास निषेधित क्षेत्रमा वर्गीकरण गरी तीन वर्षभित्र भूउपयोग नक्सा तयार गर्ने र भूउपयोग नक्सा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसार सवारी आवागमनलाई सुविधायुक्त बनाउन शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा सडक एवं ढल सञ्जालको व्यवस्था मिलाउने,

९. वस्ती विकास निषेधित क्षेत्रमा कृषिजन्य, वनजन्य, मनोरञ्जनजन्य आदि कार्यहरु गर्न मात्र अनुमति दिने र सो क्षेत्रमा सरकारी र अर्धसरकारी संस्थाबाट शहरी पूर्वाधारमा लगानी गर्न प्राथमिकता नदिने,

१०. संयुक्त आवास, सामूहिक आवास र योजनावद्ध आवासीय क्षेत्रमा कित्ता एकीकरण गर्न र विकसित घडेरी अनुसार कित्ता मिलान गर्ने कार्यमा मालपोत कार्यालय र नापी शाखाले आवश्यक कार्य गर्ने ।

## ख. संयुक्त आवास/सामुहिक आवास योजना अनुमति (Planning Permit) सम्बन्धी प्रक्रिया

१. संयुक्त आवास, सामुहिक आवास आयोजना सञ्चालन गर्ने व्यक्ति, संघ संस्था वा कम्पनीले देहायको कुरा खुलाई सम्बन्धित स्थानीय निकायमा योजना अनुमतिको लागि निवेदन दिनु पर्नेछ र स्थानीय निकायको अनुरोधमा नगर विकास समिति गठन भएको ठाउँमा नगर विकास समितिबाट र नगर विकास समिति गठन नभएको स्थानमा सम्बन्धित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयबाट योजना अनुमति दिइनेछ :-

(क) योजना स्थल वरिपरिको भौतिक पूर्वाधारहरु खुल्ने गरी १:४००० स्केलको लोकेशन प्लान,

(ख) फिल्डमा भएका सम्पूर्ण निर्माणहरु देखिने गरी योजना स्थलको नापी नक्सा र फिल्डमा नापी गरिएको (प्लेन टेवुलबाट) १:१००० स्केलको सर्भे नक्सा,

(ग) योजना स्थलमा कित्ता विभाजनको १:५०० स्केलको ब्लक प्लान,

सो ब्लक प्लानको नक्सामा देहाय बमोजिम हुनु पर्नेछ :-

(अ) योजना स्थलमा प्रवेश मार्ग र अन्य मार्गको चौडाई खण्ड ग. मा तोकिएको मापदण्ड अनुरुप हुनु पर्ने ।

(आ) प्लटको साइज न्यूनतम ०-२-२-० (८० वर्ग मिटर) र मोहडा ६ मिटर चौडाई राख्नु पर्ने ।

(इ) खुल्ला क्षेत्र योजना स्थलको कुल क्षेत्रफलको न्यूनतम ३ प्रतिशत र लम्बाइ वा चौडाइ न्यूनतम ८ मिटर हुनु पर्ने ।

(घ) वाटो, ढल निकास, फोहोर मैला व्यवस्थापन खानेपानी, सामुदायिक क्षेत्र आदिको विवरण खुलाइएको १:५०० स्केलको नक्सा,

(ङ) योजनास्थलमा निर्माण गरिने भवनहरुले ढाकेको क्षेत्रफल प्रष्ट खुलाइएको १:१००० स्केलको ग्राउण्ड कभरेज नक्सा,

(च) योजना स्थलमा निर्माण गरिने भवनहरुको प्रत्येक तल्लाको १:१०० स्केलको फ्लोर प्लान ।

तर १० (दश) आवास इकाइसम्म रहने संयुक्त आवास भवन निर्माण गर्नको लागि योजना अनुमति लिन आवश्यक पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. खण्ड १ बमोजिम विवरण पेश गरिएको ३५ दिनभित्र योजना अनुमति दिनु पर्नेछ । सो अवधिभित्र अनुमति दिन नसकिने अवस्था भए सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ । योजना अनुमति अवधि २ वर्षको हुनेछ । २ वर्षभित्र अनुमति पाए बमोजिम विकास निर्माण शुरु नगरेमा अनुमति नवीकरण गराउनु पर्नेछ ।

३. खण्ड १ बमोजिम परेको निवेदन सम्बन्धमा माग बमोजिम योजना अनुमति दिँदा जग्गाको स्वामित्वको बारेमा कैफियतमा खुलाई अनुमति दिन सकिनेछ । तर निर्माण गर्नु अघि योजना स्थलका सम्पूर्ण जग्गाहरु (सरकारी ,ऐलानी, पर्ती बाटो आदि बाहेक सम्बन्धित व्यक्ति, संघसंस्था, कम्पनीले प्रयोग गर्न सक्ने कानूनी आधार प्राप्त भइसकेको हुनु पर्नेछ ।

४. योजना स्थलभित्र सरकारी, ऐलानी, पर्ति जग्गा भएमा साविकको क्षेत्रफलमा नघट्ने गरी त्यस्ता जग्गाहरु एकीकरण गरी कित्ता मिलान गर्न सकिनेछ ।

५. योजना अनुमति अनुरुप निर्माण वा विकास गर्नको लागि निर्माण स्वीकृति सम्बन्धित स्थानीय निकायबाट लिनु पर्नेछ र निर्माणकर्ताले राष्ट्रिय भवन संहिता पूर्ण रुपले पालन गर्नु पर्नेछ ।

ग. <u>संयुक्त आवास भवन निर्माण सम्बन्धी मापदण्ड</u> : संयुक्त आवास भवन निर्माण सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ :-

१. संयुक्त आवास स्थलसँग जोडिने प्रवेश मार्गको न्युनतम चौडाई ४ आवास इकाईसम्मको लागि न्युनतम ४ मिटर, १० आवास इकाईसम्मको लागि ४.५ मिटर, ५० आवास इकाइसम्मको लागि ६ मिटर, ५० आवास इकाई भन्दा बढीको लागि ८ मिटर हुनु पर्नेछ र योजनास्थलभित्र अन्य मार्गमा कल डे स्याक बाटोको लम्बाई अधिकतम १०० मिटर हुनु पर्नेछ । कल डे स्याक सिधा बाटोमा मात्र राख्न पाइने छ र गाडी घुमाउने स्थान ९X९ मिटरको वर्गाकार वा वृत्ताकार क्षेत्र राख्नु पर्नेछ दुई सडकको इन्टरसेक्सन कर्भको रेडियस न्यूनतम सडक चौडाईको आधा हुनु पर्नेछ ।

२. अधिकतम् ग्राउण्ड कभरेज **(Ground Coverage)** तराईका शहरी क्षेत्रमा, पहाडका शहरी क्षेत्रमा र काठमाडौ उपत्यकामा ५० प्रतिशत हुनु पर्नेछ ।

३. अधिकतम् फ्लोर एरिया अनुपात **(Floor Area Ratio (FAR))** पुरानो शहरी क्षेत्र बाहेकको अन्य क्षेत्रमा तराईका शहरी क्षेत्रमा १.५ पहाडका शहरी क्षेत्रमा २ र काठमाडौ उपन्यकामा ३ हुनु पर्नेछ । फ्लोर एरिया अनुपात निकाल्ने तरिका देहाय बमोजिम हुनेछ :- $\frac{\text{भवनको सबै तलाको कूल क्षेत्रफल}}{\text{भवन बन्ने जग्गाको क्षेत्रफल}}$

पुरानो शहरी क्षेत्रमा परम्परागत वास्तुकला कायम राख्ने गरी सम्बन्धित नगर विकास समिति वा नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

४. न्युनतम खुल्ला क्षेत्र अन्तर्गत भू-सतह खुला राख्नेको हकमा तराईका शहरी क्षेत्रमा, पहाडका शहरी क्षेत्रमा र काठमाडौ उपत्यकामा २० प्रतिशत हुनु पर्नेछ र अन्य खुला भागको हकमा तराईका शहरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रमा ४० प्रतिशत, पहाडका शहरी क्षेत्रमा ३० प्रतिशत र काठमाडौ उपत्यकामा ३० प्रतिशत हुनु पर्नेछ। भूसतह खुल्ला राख्ने क्षेत्रमा हरियाली बगैचाको रुपमा प्रयोग गर्न सकिनेछ। तर जमिन मुनी पानी जाने मार्ग ढाक्न पाइने छैन।

५. न्यूनतम सेट व्याक (आफ्नो स्वामित्वको जमिनको सीमानाबाट छाड्नुपर्ने दूरी) देहाय बमोजिम हुनु पर्नेछ :-

अगाडी : तराईका शहरी क्षेत्रमा ८ मिटर, पहाडका शहरी क्षेत्रमा ६ मिटर र काठमाडौ उपत्यकामा ६ मिटर

पछाडी : तराईका शहरी क्षेत्रमा ६ मिटर, पहाडका शहरी क्षेत्रमा ४ मिटर र काठमाडौ उपत्यकामा ४ मिटर

दाँया/वायाँ : तराईका शहरी क्षेत्रमा ६ मिटर, पहाडका शहरी क्षेत्रमा ४ मिटर र काठमाडौ उपत्यकामा ४ मिटर

आफ्नो तर्फको सेट व्याक (क), अर्को तर्फको सेट व्याक (क') र भवनसंग जोडिएको सडकको चौडाई (ख) को योगफललाई दुई गुणा गर्दा प्राप्त हुने अंक भन्दा बढी उँचाई (ग) को भवन निर्माण गर्न पाइने छैन। जस्तै : ग=२ X (क + ख + क')

६. दुई ब्लकको बीचको न्युनतम् दूरी तराईका शहरी क्षेत्रमा, पहाडका शहरी क्षेत्रमा र काठमाडौ उपत्यकामा ६ मिटर हुनु पर्नेछ।

७. न्यूनतम् पार्किङ स्थलको हकमा ८० वर्ग मिटर वा सो भन्दा ठूलो क्षेत्रफल भएको आवास इकाईको लागि १ कार २ मोटरसाइकल र २ साइकलको पार्किङ गर्ने सुविधा र ८० वर्ग मिटर भन्दा सानो क्षेत्रफल भएको प्रत्येक ४ (चार) आवास इकाईको लागि १ कार ४ मोटरसाइकल र ४ साइकलको पार्किङ गर्ने सुविधा हुनु पर्नेछ।

नोट : (क) सम्पूर्ण डिजायन तथा अन्य सेवा सुविधाको व्यवस्था राष्ट्रिय भवन संहिता अनुरुप हुनु पर्नेछ।

(ख) भुइतल्ला, वेसमेन्ट, सेमिवेसमेन्ट आवासीय प्रयोजनको लागि नभई स्टोर, व्यायामशाला, पार्किङ तथा अन्य सुविधाहरु जस्तै लिफ्ट वेल, इलेक्ट्रिकल रुम, पानी ट्यांकी आदिको प्रयोजनको लागि भएमा त्यस्तो प्रयोजनको लागि उपयोग गरिएको भुइ तल्ला, बेसमेन्ट, सेमिवेसमेन्ट तथा छाना माथि निर्माण हुने लिफ्टको मेशिन कोठा, पानी ट्यांकी आदिले ओगटेको क्षेत्रफल FAR मा गणना गरिने छैन।

(ग) संयुक्त आवासको मापदण्ड लागू हुनु भन्दा अगाडि बनिसकेका भवनहरुको उपयोग परिवर्तन गर्न चाहनेको प्रस्ताव माथि उल्लेख भएको मापदण्डसंग मिल्ने भएमा संयुक्त आवास सञ्चालन गर्न अनुमति दिन सकिनेछ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि -

क. "कल डे स्याक" (Cul-de-sac) भन्नाले एकातर्फ बन्द भएको बाटोलाई जनाउँछ।

ख. "इन्टरसेक्सन कर्बको रेडियस" भन्नाले दुई सडक जोडिने ठाउँको घुमाउरो भागको अर्धव्यासलाई जनाउँछ।

आज्ञाले,
जनकराज जोशी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**श्री ५ को सरकार**

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०६३ साल वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक बर्षभरिका लागि देहाय बमोजिमका सार्वजनिक एवं पर्व बिदाहरु दिने निर्णय गरेको छ :-

१. शनिवार बिदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - २, ९, १६, २३, ३० (५ दिन) | (ख) | जेठ - ६, १३, २०, २७ (४ दिन) |
| (ग) | असार - ३, १०, १७, २४, ३१ (५ दिन) | (घ) | साउन - ६, १३, २०, २७, (४ दिन) |
| (ङ) | भदौ - ३, १०, १७, २४, ३१ (५ दिन) | (च) | असोज - ७, १४, २१, २८, (४ दिन) |
| (छ) | कात्तिक - ४, ११, १८, २५ (४ दिन) | (ज) | मङ्सिर - २,९, १६, २३ (४ दिन) |
| (झ) | पौष - १, ८, १५, २२, २९ (५ दिन) | (ञ) | माघ - ६,१३, २०, २७ (४ दिन) |
| (ट) | फागुन - ५, १२, १९, २६ (४ दिन) | (ठ) | चैत - ३, १०, १७, २४ (४ दिन) |
| | | | जम्मा : ५२ दिन |

२. पर्व बिदा :

(क) नववर्ष, वैशाख १ गते शुक्रबार ।
(ख) मातातीर्थ औंसी, वैशाख १४ गते विहीबार ।
(ग) गुरु पूर्णिमा, आषाढ २७ गते मंगलबार ।
(घ) सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरुमा गौरा पर्व (गौरा पूजा) पर्ने दिन ।
(ङ) जनै पूर्णिमा, रक्षावन्धन (ऋषितर्पणी) श्रावण २४ गते बुधबार ।
(च) कुशे औंसी, भाद्र ७ गते बुधबार ।
(छ) छठ पर्व मनाउने जिल्लाहरुमा कार्तिक ११ गते शनिबार ।
(ज) इसाई धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई क्रिसमस् डे (डिसेम्बर २५ तारिख) पौष १० गते सोमबार ।
(झ) ल्होसार पर्व मान्ने सरकारी कर्मचारीहरुका लागि ल्होसार पर्व पर्ने दिन ।
(ञ) किराँत चाड मान्ने सरकारी कर्मचारीहरुका लागि किराँत चाड पर्ने मङ्सिर-पूर्णिमाको दिन ।
(ट) आदिबासी थारु जातीका सरकारी कर्मचारीहरुलाई माघी पर्व, माघ १ गते सोमबार ।
(ठ) वसन्त पञ्चमी, माघ ९ गते मंगलबार ।
(ड) इस्लाम धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई इद (इदुल्ल फित्र) र बकर इद (इदुल जोहा) का दिन ।
(ढ) महाशिवरात्री, फागुन ४ गते शुक्रबार ।
(ण) फागुपूर्णिमा, फागुन १९ गते शनिबार र देहायका जिल्लाहरुमा फागुन २० गते आइतबार ।

जिल्लाहरुको नाम :

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. चितवन | १४. नवलपरासी | १५. रुपन्देही | १६. कपिलवस्तु |
| १७. दाङ | १८. बाँके | १९. बर्दिया | २०. सुर्खेत |

(त) सूर्य ग्रहण, चैत्र ५ गते सोमबार ।

३. महिला कर्मचारीको लागि मात्र बिदा:

(क) हरितालिका (तीज), भाद्र १० गते शनिबार ।
(ख) ऋषि पञ्चमी, भाद्र १२ गते सोमबार ।
(ग) नारी दिवस, फागुन २४ गते बिहिबार (तदनुसार मार्च ८)


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०९

४. काठमाडौं उपत्यकालाई मात्र जात्रा बिदा :
   (क) गाईजात्रा, श्रावण २५ गते विहिबार ।
   (ख) इन्द्रजात्रा, भाद्र २१ गते बुधबार ।
   (ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा ।
   (घ) घोडेजात्रा, चैत्र ४ गते आइतबार ।

५. दशैं बिदा :
   (क) घटस्थापना, असोज ७ गते शनिबार ।
   (ख) असोज १३ गते शुक्रबारदेखि असोज २० गते शुक्रबारसम्म (फुलपातीदेखि पूर्णिमासम्म)

६. तिहार बिदा :
लक्ष्मीपूजा, कात्तिक ४ गते शनिबार देखि भाइटीकाको भोलिपल्ट कार्तिक ८ गते बुधबार सम्म ।

७. दिवस बिदा :
   (क) संविधान दिवस, कात्तिक २३ गते बिहिबार ।
   (ख) श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस, पौष २७ गते बिहिबार ।
   (ग) शहीद दिवस, माघ १६ गते मंगलबार ।
   (घ) श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते सोमबार ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सबारी होइबक्सँदा र फिर्ती सबारी होइबक्सँदा अधिराज्यभर बिदा ।

९. शुभ-जन्मोत्सव बिदा :
श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव, असार २३ गते शुक्रबार ।

१०. शुभ-जयन्ती बिदा :
   (क) वुद्ध जयन्ती, वैशाख ३० गते शनिवार ।
   (ख) श्रीकृष्ण जन्माष्टमी, श्रावण ३१ गते बुधबार ।
   (ग) चैत्राष्टमी, चैत्र १२ गते सोमबार ।
   (घ) रामनवमी (राम जयन्ती), चैत्र १३ गते मंगलबार ।

११. कार्यालयमा हाजिर हुने र छुट्ने समय :
अधिराज्यभरिका सबै सरकारी कार्यालयहरुमा मङ्सिर, पुस र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १०:०० बजे हाजिर भै अपरान्ह ४:०० बजे छुट्ने र बाँकी नौ महिना बिहान १०:०० बजे हाजिर भै अपरान्ह ५:०० बजे छुट्ने । शुक्रबारको हकमा बिहान १०:०० बजे हाजिर भै दिउँसो ३:०० बजे छुट्ने ।

१२. रोजाना र आकस्मिक सेवा प्रदान गर्ने कार्यालयमा बिदा :
अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, थाना, चौकी, अध्यागमन, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण विभाग, आकाशवाणी र हुलाक जस्ता कार्यालयहरुमा माथि लेखिए बमोजिम बिदा पाउनेमा काम काज नरोकिने गरी प्रचलित कानून बमोजिम रित पुऱ्याएर बिदा बस्न पाइने छ ।

द्रष्टव्य :
आधा दिन भन्नाले मङ्सिर, पुष र माघ तीन महिनाको निम्ति १:०० बजे र बाँकी नौ महिनाको लागि दिनको १$^{1}/_{2}$ बजेसम्म सम्झनु पर्दछ ।

आज्ञाले,

हरिश्चन्द्र ढुंगाना
कानून अधिकृत



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु १०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९०